# नेपाली व्याकरण शिक्षण : समस्या र समाधान

मीना श्रेष्ठ
सहायक प्राध्यापक
आदिकवि भानुभक्त क्याम्पस, दमौली तनहुँ ।

**लेखसार**

व्याकरण भाषाको आत्मा एवम् भाषिक अनुशासन सिकाउने शास्त्र हो । शरीरमा नसाको महत्व भएझैँ भाषाका लागि व्याकरणको महत्व हुन्छ । व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासहरूबाट व्याकरण सम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । भाषा शिक्षणमा व्याकरणलाई पनि एक विशिष्ट भाषिक विषयवस्तुका रूपमा ग्रहण गरेर शिक्षण गर्ने प्रचलन रहेको छ । यसको शिक्षणबाट सम्पूर्ण विद्यार्थीहरूमा हुने भाषा प्रयोगको त्रुटि वा अशुद्धिलाई निर्मूल पार्न सकिन्छ । भाषाबिना व्याकरणको कल्पना गर्न नसकिने भएकाले व्याकरणलाई भाषाबाट पृथक गरी जटिल तरिकाले शिक्षण गर्न खोज्दा भाषा शिक्षणमा कृत्रिमता आई अवैज्ञानिक र अव्यावहारिक तरिका अवलम्बन गरेको प्रष्ट हुन्छ । व्याकरण भनेको सम्बन्धित भाषाका मूल वक्ताहरूको भाषा प्रयोगमा पाइने संरचनागत विशेषता हो । यो भाषाको आन्तरिक संरचना सम्बन्धी तत्त्व हो । नेपाली भाषाको उच्चस्तरीय क्षमता वृद्धि गराउन विद्यालयदेखि महाविद्यालयसम्म नेपाली व्याकरणको शिक्षण गर्ने गराउने प्रचलन रहेको छ । नेपाली व्याकरण नेपाली भाषाका आन्तरिक नियम व्यवस्थासँगै आबद्ध व्याकरण मानिन्छ । नेपाली व्याकरणले नेपाली भाषालाई बुझ्न र व्याख्या गर्न सहयोग पुऱ्याउँदछ । त्यतिमात्रै नभई नेपाली भाषाको स्तरयुक्त, मानक, शिष्ट, शुद्ध र सान्दर्भिक प्रयोग संरचनाहरूका सुझ र सिप सिकाई भाषिक एकरुपता, स्थिरता र सम्प्रेष्यता हासिल गराउन मार्गनिर्देश गर्दछ । यसले विद्यालय तह देखि महाविद्यालय तहसम्म नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरुलाई शिक्षण गर्दा आइपरेका समस्याहरुको समाधानका लागि यसले ठूलो सहयोग पुऱ्याउँदछ । यसले अझ व्याकरण अध्ययन गर्ने अध्येता, अनुसन्धानदाता सबैलाई मद्दत गर्दछ । यस लेखमा नेपाली व्याकरण शिक्षणका क्रममा आइपरेका समस्याहरू पत्ता लगाई तिनीहरूको समाधानका लागि अपनाउनुपर्ने उपायहरू प्रस्तुत गर्ने उद्देश्य राखिएको छ । व्याकरण शिक्षणका प्रकृयाहरूलाई आधार मानेर द्वितीय स्रोतका सामग्रीहरूको उपयोग गरी व्याकरण शिक्षणका समस्याहरूको पहिचान र तिनका समाधानका उपायहरू प्रस्तुत गरिएको छ । विद्यालय तहमा नेपाली व्याकरण शिक्षणका समस्याहरू पहिचान गर्ने क्रममा पुस्तकालयीय विधिमा आधारित भई द्वितीय स्रोतका सामग्रीहरूलाई यहाँ विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको छ । नेपाली व्याकरण शिक्षण गर्दा पुरानो मानकप्रति झुकाव रहेको, उपयुक्त शैक्षणिक व्याकरणलाई आत्मसात गरी शिक्षण गर्न नसकेको, शिक्षकहरुमा ज्ञान तथा तालिमको अभाव रहेको प्रयोगात्मक र कार्यमूलक व्याकरणमा जोड नदिएको, वर्णविन्यासमा एकरुपता कायम नगरी शिक्षण गरिएको छ । अतः देशव्यापी रुपमा एउटै समसामयिक मानक व्याकरण प्रयोग गरी रचनामुखी व्याकरणलाई जोड दिदैं शिक्षण अनुभव र सामग्री निर्माण अनुभवलाई वृद्धि गरी यसको समाधानका लागि सम्बन्धित विषय शिक्षक, विद्यालय, क्याम्पस प्रशासन, सम्बन्धित विद्वान्, नेपाली विभाग एवम् सिङ्गो राष्ट्र नै सचेत भई सक्रिय भई व्याकरण शिक्षणमा सुधार गर्नु आवश्यक छ ।

**विशेष पदावली**: कार्यमूलक व्याकरण, वर्णानात्मक समग्रता, व्याकरणात्मक कोटि, शैक्षणिक व्याकरण, सैद्धान्तिक तथा व्यावहारिक पक्ष ।

## विषयपरिचय

व्याकरण कुनै पनि भाषाका रूपगत तथा वाक्यगत संरचनाको वर्णनसँग सम्बन्धित छ । भाषाविना व्याकरणको कल्पना निरर्थक हुन जाने हुनाले भाषाबाट यसलाई अलग्याउनु अस्वाभाविक देखापर्छ (अधिकारी, २०७३, पृ. १६२) । व्याकरण भाषाको आन्तरिक संरचना सम्बन्धी तत्त्व हो र यसले भाषाका तिनै आन्तरिक संरचना र नियमको व्याख्या र विश्लेषण गर्दछ । शरीरमा नसाको महत्व भएझैँ भाषाका लागि व्याकरणको महत्व हुन्छ । व्यावहारिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासहरुबाट व्याकरण सम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ (पौडेल, २०७६, पृ. १२६) । व्याकरण भनेको भाषिक विशेषताहरूको वर्णन हो । यसले सम्बन्धित भाषाका नियमहरूको व्याख्या गर्दछ । यो भाषाको केन्द्रीय पक्ष एवम् अन्तर्निहित पक्ष हो । यसलाई भाषाबाट पृथक् गर्न सकिँदैन । (खनिया, २०६७, पृ. १०५) । व्याकरण भाषाको आत्मा हो । व्याकरणबिना भाषाको औचित्य रहँदैन । यसले भाषाको शुद्ध लेखनमा जोड दिन्छ । यसको शिक्षणबाट विद्यार्थीहरूमा हुने भाषा प्रयोगका अशुद्धिलाई निर्मूल पार्न सकिन्छ । नेपाली व्याकरण नेपाली भाषाका आन्तरिक नियम, व्यवस्था र विशेषताहरूसँगै आबद्ध व्याकरण हो यसले नेपाली भाषालाई बझ्न र व्याख्या गर्न सघाउ पुयाउनुका साथै नेपाली भाषाको स्तरयुक्त, मानक, शिष्ट, शुद्ध र सान्दर्भिक प्रयोग संरचनाहरूको सुझ र सिप सिकाइमा एकरूपता हासिल गराउनु यसको महत्व रहेको छ । व्याकरण शिक्षण आफैँमा नीरस र सैद्धान्तिक विषय भएकाले यसको शिक्षणमा निकै कठिनाइ सिर्जना भएको छ । यसमा धेरै समस्याहरू खडा भएका छन् (पौडेल, २०७३, पृ. १२९) । नेपाली व्याकरण शिक्षणलाई जीवन्त र उद्देश्यमूलक बनाउनमा विभिन्न प्रकारका समस्याहरू भोग्नुपरेको छ । त्यस्ता समस्याहरूलाई पहिचान गरी समाधान गर्नु अत्यावश्यक मानिन्छ ।

विगतको अनुभवले वर्तमानलाई अगाडि बढ्न सहयोग गर्ने हुनाले पूर्वकार्यको लेखाजोखाको आधारमा कुनै पनि कार्य अगाडि बढाउनु उचित हुन्छ । पूर्वाध्ययनबिना कुनै पनि साहित्यको अध्ययन अपुरो हुन्छ । अध्ययन योजनाको प्रमुख पक्ष नै पूर्वाधित साहित्यको पुनरावलोकन गर्नु हो । यसका साथै समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न, यथास्थितिबाट अगाडि बढ्न, अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञान क्षेत्र फराकिलो पार्नका लागि पूर्वकार्यको समीक्षा आवश्यक देखिन्छ । व्याकरण शिक्षणको समस्या उत्पन्न हुनुको प्रमुख कारण भनेको त्यसको आन्तरिक संरचना एवम् व्याकरणिक व्यवस्था हो । व्याकरणिक अध्ययनमा केही सहयोग पुगोस भन्ने अभिप्रायले यस सम्बन्धी लेखिएका तथा प्रकाशित केही लेख तथा अप्रकाशित शोधपत्रलाई नै पूर्वकार्यको समीक्षाको रूपमा लिइएको छ ।

'नेपाली भाषा शिक्षा' पुस्तकमा व्याकरणलाई भाषाको नियम हो भन्दै भाषिक ज्ञानलाई उपयुक्त स्तरण गर्न, शैलीगत विचलन हटाउन, शिष्ट भाषाको प्रयोग गर्न सक्ने बनाउन, तर्कशक्ति र सिर्जनात्मक क्षमता विकास गर्न व्याकरणको आवश्यकता दर्शाउदै प्रायोगिक भाषा शिक्षणमा जोड दि( एको पाइन्छ (ढुङ्गेल, दाहाल, २०६३) । उक्त शीर्षकमा गरिएको शोधपत्रले नेपाली व्याकरण शिक्षण गर्दा आइपरेका समस्याहरूलाई नसमेटेको हुँदा उक्त अध्ययन औचित्य पूर्ण रहेको छ ।

कक्षा नौ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन गरेकी छन् । उक्त शोध अध्ययनमा व्याकरण शिक्षणको सन्दर्भमा शिक्षकले कक्षामा प्रयोग गरेका शिक्षण विधिहरू, तालिम प्राप्त र अप्राप्त शिक्षकरूको शिक्षण सिकाइमा पाइने भिन्नता आदिका बारेमा उल्लेख भएको पाइन्छ । व्याकरण शिक्षणलाई प्रभावकारी र अझ व्यावहारिक बनाउने यो शोध कार्यको मूल उद्देश्य रहेको पाइन्छ

(सुवेदी, २०५९) । उक्त शोधमा विशेषतः आगमन, निगमन विधिहरूलाई बढी जोड दिएको पाइन्छ । उनले उक्त शीर्षकमा गरेको शोधपत्रले वर्तमान माध्यमिक उच्च माध्यमिक तहमा नेपाली व्याकरण शिक्षण गर्दा के-कस्ता समस्याहरू देखा पर्छन र त्यसको समाधान कसरी गर्ने भन्ने पक्षलाई नसमेटेको हुँदा उक्त अध्ययन औचित्यपूर्ण रहेको छ ।

'कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिन्ह प्रयोग क्षमताको अध्ययन' गरेको पाइन्छ। प्रस्तुत अध्ययनमा नुवाकोट जिल्लामा अवस्थित ६ विद्यालयाको १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिएर विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोग क्षमताको मूल्याङ्कन गरिएको छ। यस अध्ययनको मूख्य उद्देश्य कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोग क्षमता पहिल्याउनु रहेको छ । यस अध्ययनको निषकर्षमा सार्वजनिक विद्यालयका विद्यार्थीहरू भन्दा निजी विद्यालयका विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोग राम्रो भएको तथा नेपाली मातृभाषी विद्यार्थीको भन्दा अन्य मातृभाषा भएका विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोगमा बढी नै गल्ती भएको निष्कर्ष निकालिएको छ (थापा, २०५९) । यस अध्ययनपत्रमा समग्र नेपाली व्याकरण शिक्षण गर्दा देखिएका समस्या र समाधानका उपायहरूलाई समेट्ने भएकाले यस अध्ययन सार्थकपूर्ण रहेको छ ।

नेपाली भाषामा बिस्मयादिबोधक शब्दको प्रकार्यपरक अध्ययन शीर्षकमा शोधपत्र तयार पारि एको छ । यस अध्ययनमा सामान्य परिचय दिँदै, बिस्मादिबोधक शब्दको सङ्कलन, वर्गीकरण र प्रक( ार्यपरक अध्ययन गर्ने उद्देश्य रहेको छ । यस अध्ययनमा बारा जिल्लाका चार ओटा विद्यालयलाई प्रति( निधिका रुपमा समावेश गरिएको छ । जसमा वाक्य गठनका लागि लिङ्ग, पुरुष, वचन, आदर, अनादर आदिसँग पदसङ्गति नमिलेका प्रश्नहरू निर्माण गरी शुद्ध गर्न लगाइएको र वर्ण विन्यासका लागि श्रुतिलेखन, स्वतन्त्र लेख र विधिको प्रयोग भएको  पाइन्छ (तिवारी, प्रकाश (२०७०) । यस विभिन्न विषयह( रूमा अध्ययन भए तापनि विद्यालयीय तहमा नेपाली व्याकरण शिक्षण गर्दा चन्द्रिका व्याकरणलाई पछ् याए र व्याकरण शिक्षण गर्नुपर्ने वर्णनात्मक समग्रताको कमी तथा शैक्षणिक व्याकरणको अभाव जस्ता समस्याहरूको बारेमा अध्ययन नभएको हुँदा यसको अध्ययन गरिएको हो ।

नेपाली व्याकरण सँग सम्बन्धित जे जति चर्चा भए पनि तिनले नेपाली विषय शिक्षण गने ि शिक्षकहरूलाई व्याकरण शिक्षण गर्दा आइपर्ने समस्याहरू एवम् समाधानका उपायहरूलाई मेरो अध्ययनपत्रमा रहेको 'नेपाली व्याकरण शिक्षण : समस्या र समाधान' ले समेट्ने भएकाले उक्त अध्ययनपत्र औचित्यपूर्ण र सान्दर्भिक देखिन्छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेखमा नेपाली व्याकरण शिक्षणका क्रममा देखिएका समस्याहरू पत्ता लगाई तिनीह( रूको समाधानका लागि अपनाउनुपर्ने उपायहरू प्रस्तुत गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी द्वितीय स्रोतका सामग्रीहरूबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ । संकलित सामग्रीहरूलाई वर्णात्मक, विश्लेषणात्मक रुपबाट अनुसन्धेय कार्य पुरा गरिएको छ । यसका साथै नेपाली व्याकरण शिक्षण गर्दा सम्भावित प्रश्नहरूलाई

आधार बनाएर आइपर्ने समस्याहरूलाई विभिन्न लेखकका पुस्तकहरूलाई समेत सन्दर्भ सामग्री को रूपमा अध्ययन गरिएको छ ।

## व्याख्या तथा छलफल

### नेपाली व्याकरण शिक्षणका समस्याहरू

भाषा शिक्षण आफैमा एउटा महत्वपुर्ण, जटिल अनि चुनौतीपूर्ण विषय हो । अझ बहुभाषिक कक्षा रहेको खण्डमा त व्याकरण शिक्षण गर्नु अति नै समस्यापूर्ण अवस्था हो । भाषिक क्षमता अभिवृद्धि गर्न व्याकरण शिक्षणले धेरै सघाउ त पुऱ्याउँछ । व्याकरण शिक्षणका क्रममा विभिन्न प्रकारका कमी कमजोरीहरू वा समस्याहरू रहेका छन् । यिनै समस्याहरूका कारण व्याकरण शिक्षणका उद्देश्यहरू जीवन्त हुन नसकेको स्थिति रहेको छ । व्याकरण शिक्षणमा देखिएका समस्याहरू र तिनको समाधानका लागि चाल्नुपर्ने कदमहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

### पुरानो मानकप्रतिको झुकाव

व्याकरण शिक्षणमा धेरै पुरानो व्याकरणलाई नै हालसम्म नेपाली भाषाको गुरू व्याकरण मानिएको छ । वि.स. १९६९ मा प्रकाशित हेमराज पण्डितको चन्द्रिका व्याकरण र यसबाट निर्देशित मध्य चन्द्रिका व्याकरणलाई आजसम्म पनि मानक व्याकरण मानिदै छ । (खनिया २०७५ : १०८) भाषामा परि वर्तनशीलताको गुण हुने र त्यस गुणलाई व्याकरणले अवलम्बन गर्नु पर्ने हो तर त्यही भाषाको मानकलाई पछ्याएर व्याकरण शिक्षण गर्नुपर्ने बाध्यात्मक स्थिति रहेको छ । अझ भन्नुपर्दा त कतिपय सन्दर्भहरू वर्तमान नेपाली भाषाको मानक प्रयोग प्रसङ्गसँग मेल खाँदैनन् । जस्तैः म खाजा खाँदो छु । मैले कथा ले खिँदै छ । वास्तवमा व्याकरण शिक्षण गर्नु भनेको त समसामयिक शिष्ट भाषा प्रयोगको अनुगमन गरी त्यही अनुसारको भाषाको प्रयोग गर्ने सुझको विकास गर्नु हो । व्याकरण शिक्षणले समसामयिक शिष्ट प्रयोगलाई आत्मसात गराउन सक्ने हुनुपर्छ । समसामयिक र शिष्ट प्रयोगप्रति बेवास्ता गरी परम्परागत मानकप्रति झुकाव रहेसम्म व्याकरण शिक्षणको अभीष्ट पूरा हुन सक्दैन । यसरी व्याकरण शिक्षणमा समसामयिक प्रयोगलाई विचार नपुऱ्याइ परम्परागत व्याकरण पछयाउनु व्याकरण शिक्षणको प्रमुख समस्या बनेको छ । पुरानो मानकमा टेकेर शिक्षण गर्नु शैक्षणिक दृष्टिले ठुलो कमजोरी हो ।

### वर्णनात्मक समग्रताको कमी

पुराना सबै व्याकरणहरू संस्कृत वा अङ्ग्रेजी भाषाको व्याकरणलाई आधार मानेर तयार गरि एका छन् । भाषाको समसामयिक शिष्ट प्रयोगको सर्वेक्षण, एवम् वर्णनात्मक अध्ययन विशलेषण गरी ले खिएको व्याकरणले भाषालाई वहन गर्न सक्छ तर हाल पनि अधिकांश नेपाली व्याकरणहरू यस आधारमा लेखिएका छैनन् । (पौडेल, २०७६ : १२९) नेपाली भाषाका व्याकरणहरू संस्कृत वा अङ्ग्रेजी व्याकरणको ढाँचामा लेखिएका छन् । कतिपय व्याकरण कुनै निश्चित मानकमा आधारित नभई वैयक्तिक झुकावमा प्रभावित भएको पाइन्छ । जबसम्म नेपाली व्याकरणहरू नेपाली भाषाकै विशेषताका आधारमा अध्ययन विश्लेषण गरी तयार पारिदैन तबसम्म नेपाली व्याकरणको शिक्षण प्रभावकारी हुँदैन । त्यस्तै विभिन्न भाषागत पृष्ठभूमिका कारण नेपालीका शिक्षकहरूको शिक्षण प्रक्रिया समसामयिक प्रयोग अनुरूप देखिदै न । जस्तैः संस्कृतको पृष्ठभूमिबाट आएका शिक्षकले संस्कृतको व्याकरण ढाँचामा ढालेर नेपाली व्याकरण

पढाउने प्रवृत्ति देखिन्छ । त्यस्ता शिक्षकहरू व्याकरणका नियमहरू कण्ठस्थ गराउन वा घोकाउन तयार रहेका देखिन्छन् । तसर्थ वर्णनात्मक समग्रताको कमी हुँदा व्याकरण शिक्षणमा धेरै समस्याहरू हुन्छन् ।

**शैक्षणिक व्याकरणको अभाव**

वर्तमान नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकमा राखिएका व्याकरणका विषयवस्तुहरू शैक्षणिक दृष्टिले तयार पारिएका छैनन् । कुन तहमा कति गहिराइसम्म पढाउने भन्ने निर्देशन दिने शैक्षणिक व्याकरण बनेका छैनन् । विद्यार्थीहरूको पुर्व व्याकरणिक अनुभवलाई वास्ता नगरी पाठ्यपुस्तक निर्माताका वैयक्तिक रूचिलाई व्याकरणिक विषयवस्तु प्रस्तुत गरिएकाले कक्षागत दृष्टिले उपयुक्त स्तरण मिलाएर शिक्षण गर्न शिक्षकलाई निकै समस्या परेको छ । जबसम्म मानक र शैक्षणिक व्याकरणको निर्माण गरी सोही अनुसार शिक्षण गतिविधि तय गरिदैन तबसम्म त्यस किसिमका समस्याहरू हटाउन सकिदैन । व्याकरणका पाठ्यांशहरूको छनोट र विद्यार्थीको स्तरण मनोवैज्ञानिक एवम् शैक्षणिक आधारमा हुन सके को छैन । एउटा आधिकारिक शैक्षणिक व्याकरणको अभावले गर्दा व्याकरण शिक्षणमा समस्या परेको छ ।

**दृष्टिकोण तथा सुझको कमी**

नेपाली भाषा शिक्षणको क्रममा परम्परागत व्याकरण शिक्षणकै आजका रूपमा शिक्षकहरूमा रहेका अदक्षता निकै समस्या बनेको छ । व्याकरण शिक्षणमा दृष्टिोकोण एवम् सुझबुझले ठूलो प्रभाव पार्दछ । व्याकरण भनको के हो ? यो कुन तहका विद्यार्थीहरूलाई कसरी सिकाउने भन्ने कुरामा अधिक( ांश शिक्षक, पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक निर्माता परम्परागत दृष्टिकोणबाट ग्रसित देखिन्छन् । व्याकरण त निकै जटिल र बौद्धिक विषय हो । यसका नियम र विशेषताहरू कण्ठस्थ गर्नैपर्छ अनि मात्र शुद्ध भाषाको प्रयोग सम्भव छ भन्ने विश्वास अझै पनि कतिपय शिक्षकहरूमा कायम नै रहेको पाइन्छ । अधिकांश शिक्षकमा व्याकरणात्मक ज्ञानको कमी नै देखिन्छ । व्याकरणलाई कसरी शिक्षण गर्ने, कुन विधि र तरिका अपनाउने भन्ने कुरामा भाषा शिक्षण अस्पष्टता नै देखिन्छ । यस्तो स्थितिले व्याकरण शिक्षणमा समस्या उत्पन्न गरेको पाइन्छ । वर्तमान समयमा आइपुग्दा पनि न्यून व्याकरणिक ज्ञान भएका शिक्षकहरू व्याकरण पढाउँछन् । शिक्षकले आफूले जाने जति ज्ञान विद्यार्थीहरूलाई दिनुपर्ने सोच बनाई व्याकरण शिक्षण गर्ने दृष्टिको पनि शिक्षकहरूमा प्रशस्त देखिन्छ । त्यस्तै शिक्षकहरू कुन सामग्रीबाट सिकाउने भन्ने प्रष्ट दृष्टिकोण नहुँदा व्याकरण शिक्षणमा समस्या देखिएको छ ।

**नेपाली व्याकरणमा अन्य भाषाको प्रभाव**

नेपाली भाषामा अन्य भाषाका व्याकरणिक व्यवस्था र शब्दभण्डारको प्रभाव बढ्दै गएको छ । यसमा मुख्यतः अङ्ग्रेजी भाषाबाट बढी प्रभावित भएको पाइन्छ । सूचना तथा सञ्चार प्रविधिले संसार लाई ढाकेको छ । नेपाली भाषाको व्याकरण व्यवस्था र अङ्ग्रेजी भाषाको व्याकरण व्याकरण व्यवस्थामा फरक रहेको देखिन्छ । नेपाली भाषामा कर्ता, कर्म र क्रियाको क्रम हुन्छ तर अङ्ग्रेजी भाषामा भने कर्ता, क्रिया र कर्मको क्रम हुन्छ । आजका विद्यार्थीहरू बढीभन्दा बढी अङ्ग्रेजी भाषाको वाक्य गठनतिर झुकाव देखाउँछन (पौडेल, २०७६, पृ. १८२) । यसरी नेपाली व्याकरण शिक्षण गर्दा पनि शिक्षकले अङ्ग्रेजी व्याकरणलाई मिसाएर सिकाउनु पर्ने बाध्यात्मक अवस्था छ । यस्ता अवस्थामा नेपाली व्याकरण शिक्षण समस्यामूलक बन्न पुगेको छ ।

## शैक्षणिक शब्दकोशको अभाव

भाषाको कसी भनेको शब्दकोश पनि हो । व्याकरणले भाषाको नियम दिन्छ भने शब्दकोशले तिनलाई प्रयोगमा उतार्ने काम गर्दछ (अधिकारी, २०७१) । नेपाली व्यकरण शिक्षण गर्ने क्रममा व्याकणिक संरचनसँग सम्बन्धित विविध समस्याहरू आइपर्न सक्छन् । तिनको समाधानका लागि उपायहरूको खो जी गर्न व्यवस्थित शब्दकोशको आवश्यक पर्छ । नेपाली भाषामा यो सुविधा प्राप्त गर्न निकै कठिनाइ रहेको देखिन्छ । यसलाई समाधान हुने शब्दकोश छैनन् । पूर्व प्राथमिक तहदेखि माध्यमिक तहसम्मका लागि 'विद्यार्थी नेपाली शब्दमाला' (२०६३) शैक्षिक शब्दकोश नै उपयुक्त रहेको छ । यसलाई पनि एउटा समस्याका रूपमा लिन सकिन्छ ।

## नेपाली व्याकरणप्रतिको उदासिनता

नेपाली व्याकरणप्रति धेरै जनमानसको धारणा अस्पष्ट रहेको पाइन्छ । व्याकरण त एकदमै निरस र जटिल विषय हो भन्ने सोचका कारण विद्याथीहरू व्याकरण सिक्न जागरूक देखिदैनन् । ने पाली व्याकरणमा विभिन्न व्याकरणिक कोटिहरूको सङ्गति मिलाउनुपर्ने भएको हुँदा यसप्रतिको झुकाव घट्दै गएको हो । नेपाली व्याकरणमा केही समयमा दुई धार भएको र सरलतातिर नबगेको हुँदा झन् उदासिनता बढ्न थालेको हो । जबसम्म व्याकरण व्यावस्था सरलतातिर जाँदैन, यसको प्रयोग पक्षलाई बढी महत्व दिइदैन तबसम्म यो समस्या समस्याको रूपमा नै रहन्छ ।

## स्तरण र क्रमिकताको अभाव

कक्षास्तरअनुसारको व्याकरण शिक्षणमा अभाव छ । तल्लो तहदेखि माथिल्लो तहसम्मको जुन किसिमले सरलबाट जटिलतिर हुनुपर्ने हो त्यस्तो क्रमिकता त्यति मिलेको पाईदैन । कुन तहमा व्याकरणका कुन पक्ष शिक्षण गर्ने हो त्यो निश्चित छैन । प्रायः एउटै कुराहरू दोहोरिन्छन् । नेपाली व्याकर णिक शिक्षण गर्दा विद्यार्थीहरूलाई सिकाइने व्याकरणिक विषयवस्तुहरू निश्चित अनुक्रममा राखिएको छै न । सिकाउनका लागि छनोट गरिएका सम्पूर्ण पाठ्यसामग्री एकैपल्ट सिकाउने गरिन्छ (अधिकारी, २०६७) तीमध्ये कुनैलाई अगाडि र कुनैलाई चाहिँ पछाडि सिकाउनुपर्छ । तर त्यसरी शिक्षण गरिएको देखिँदैन । विद्यार्थीहरूको व्याकरण सम्बन्धी पूर्वअनुभव, क्षमता, स्तर र आदि पक्षलाई ख्याल गरेर शिक्षण गरि एको पाइदैन । यस्तो स्तरण र क्रमिकता नमिल्नाले व्याकरण शिक्षणमा समस्या सिर्जना भएको पाइन्छ ।

## व्याकरण शिक्षणमा परिष्कारको अभाव

भाषा पाठ्यक्रममा बिस्तारै सुधार गर्दै लगिएको देखिए पनि विद्यालय तहका भाषा पाठ्य सामग्रीहरूमा व्याकरणलाई कार्यमूलक ढङ्गले अभ्यास गराउन प्रभावकारी हुने खालका अभ्यास सामग्रीह( रूको अझै पनि प्रशस्त अभाव देखिन्छ । त्यस्तै परमपरागत व्याकरण शिक्षण विधिबाट प्रशिक्षित भाषा शिक्षकहरूमा आगमनात्मक उपयोग प्रविधि र कार्यमूलकता भन्ने विषयमा अझै पनि प्रशस्त अलमल र असमञ्जसताहरू पाइन्छन् (खनिया, अधिकारी र दाहाल, २०६७, पृ. २६३) । यसले गर्दा आफ्ना पुर ानै बानी अँगाली रहने परिश्रम र नयाँ प्रयोग गर्न नखोज्ने प्रवृत्तिहरू हाबी देखिन्छन् र अझै पनि व्याकरणलाई भाषाबाट पृथकीकृत गरे र शिक्षण गर्ने परमपराले मुक्ति पाउन सकेको देखिँदैन । अन्त्यमा, व्याकरण शिक्षणमा परिष्कार आउन नसकी भाषा पाठ्य सामग्रीहरूको व्याकरणात्मक उपयोगका क्षेत्रमा

प्रशस्त अलमल र समस्या देखिन्छन् ।

**व्याकरणात्मक अभ्यासमा प्रयोगात्मकता तथा कार्यमूलकताको अभाव**

नेपाली पाठ्य सामग्रीहरूमा हरेक पाठ्यांश पछिका अभ्यास खण्डमा व्याकरणको प्रस्तुति भएको पाइन्छ तर व्याकरणलाई सम्बद्ध पाठसित अन्वित गरेर प्रयोगमूलक सोबाट सिकाइनु व अभ्यास गराइनुभन्दा शिक्षक वा लेखकका बुद्धि विलास गर्ने सोचबाट अति जटिल तरिकाले प्रस्तुत गरिएको पाइन्छ । नियम र सिद्धान्तको बोझिलो प्रस्तुति, वर्ण विन्यास सम्बन्धी नियमका अनावश्यक लामा र पट्यार लाग्दा सूची, शब्दवर्ग र तिनको वर्गीकरण सहितका परिभाषाहरूको बौद्धिक वकालत आदिले गर्दा व्याकरण शिक्षण सरल र स्तरयुक्त हुन सकेको देखिँदैन । विधा र पाठको प्रकृति तथा त्यसअनुसार अभ्यासको प्रत्यक्ष अनुभव गराउने गरी कार्यमूलक एवम् प्रयोगमूलक ढङ्गले व्याकरणिक विषयवस्तु कम दिइएको पाइन्छ ।

**तालिम तथा प्रशिक्षणको अभाव**

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले व्याकरणको सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक पक्षलाई विशेष ध्यान दिनुपर्छ । शिक्षकको पेशागत ज्ञान र सीप अभिवृद्धि गर्न यसको आवश्यकता रहेको हुन्छ । नेपाली व्याकरण त सबैले जसरी पनि पढाउन सक्छन् भनेर तालिम दिइदैन । नेपाली व्याकरण शिक्षणप्रति स्पष्ट र उदार विचार राखी विभिन्न प्रकारका तालिमहरू दिनुपर्छ ।

**व्याकरण सम्बन्धी धारणा अलग हुनु**

भाषा सधै सरलतातिर बहनुपर्छ । सरकारले नेपाली पाठ्यपुस्तकमा एकरूपता ल्याएको छ तर व्याकरणलाई भने एकरूपता दिएको पाइदैन । व्यक्तिपिच्छे फरक-फरक विचार धारण रहेको पाइन्छ । संस्थाअनुसार व्याकरणका पुस्तकहरू अलग अलग प्रयोग गरिएको छ । यसले गर्दा पनि व्याकरण शिक्षणमा समस्या सिर्जना भएको देखिन्छ ।

**वर्ण विन्याससम्बन्धी समस्या**

वर्तमान समयमा वर्णविन्यास सम्बन्धी निकै समस्या सिर्जना भएको छ । फरक-फरक विद्वा( नहरूले फरक-फरक नियमहरू लागू गरेको पाइन्छ । पाठ्यपूस्तकहरूमा पनि दुई भेद रहेको पाइन्छ । यसमा एउटा परम्परालाई अनुसरण गरेको धारणा अर्को वर्तमान धारणालाई अबलम्बन गरेको धारणा पाइन्छ । यसका साथै नेपाली वर्णविन्यासका समसामयिक मान्यताहरू जस्तै ह्रस्व/दीर्घ सम्बन्धी, पदयो ग/पदवियोग सम्बन्धी, श/ष/स को प्रयोग सम्बन्धी नियमहरूमा समस्या देखिएको पाइन्छ ।

**नेपाली व्याकरण शिक्षण समस्या समाधानका उपायहरू**

नेपाली व्याकरणको शिक्षण गर्नु एउटा चुनौतीपूर्ण कार्य हो । भाषाको स्तरीय र शुद्ध प्रयोग नै व्याकरण शिक्षणको प्रमुख लक्ष्य हो । नेपाली शिक्षणका समस्याहरूका सन्दर्भमा माथि चर्चा गरिसकिएको छ । समस्याभित्र समाधान पनि लुकेको हुन्छ भन्ने सोचेर शिक्षण गर्नुपर्दछ । अतः व्याकरण शिक्षणका लागि निम्नलिखित उपायहरू अबलम्बन गर्न सकिन्छ :-

**मानक तथा शैक्षणिक व्याकरणको निर्माण गर्नु**

धेरै वर्ष पुरानो मानक व्याकरणलाई हु-बहु प्रयोग गर्नुहुँदैन । हेमराज पण्डितको १९६९ मा प्रकाशित ‘चन्द्रिका’ ‘गोर्खा भाषा’ व्याकरणलाई नै हालसम्म पनि मानक व्याकरण मानिएको छ । तसर्थ नेपाली व्याकरण शिक्षण गर्दा धेरै वर्ष पुरानो मानकलाई परिष्कार र परिमार्जन गरी समसामयिक प्रयोगलाई ध्यान दिनुपर्छ ।

**समसामयिक प्रयोगलाई जोड**

नेपाली व्याकरणको शिक्षणको क्रमम सर्वप्रथम खड्किने कुरा हो मानक । पुरानो मानकमा लेखिएको नेपाली व्याकरणलाई वर्तमानमा समेत आधार मानेर अघि बढ्नुपर्ने बाध्यात्मक स्थिति रहेको छ । आजभन्दा करीब ८५ वर्षभन्दा पुरानो व्याकरणलाई नै मुख्य आधार मान्दा वर्तमानमा देखिएका नवीन प्रयोगहरू एकातिर पर्छन भने पुरानो व्याकरणले निर्देश गरेका व्याकरणिक नियमहरूले वर्तमान सनदर्भमा निकै कठिनाइ परिरहेको छ । तसर्थ समसामयिक अथवा परिवर्तित सन्दर्भअनुरूपको आधिकारिक मानक व्याकरण तयार गरेर त्यस अनुसार शिक्षण गर्नु पर्छ । समसामयिक नेपाली भाषाको मानक निर्धारण गरी सोही बमोजिमको व्याकरणको तयारी गरेर एकरूपता ल्याउनु पर्छ ।

**आधिकारिक व्याकरण तथा शब्दकोशको प्रयोग**

संस्कृत भाषामा पाणिनीले मौलिक व्याकरण लेखे । यसैको पृष्ठभूमिलाई टेकेर हजारौँ भाषाले आफ्नो भाषिक व्यवस्था निर्माण गरे । नेपाली भाषामा विभिन्न व्याकरण तथा शब्दकोशहरू लेखिएका छन् । यसमा आधिकारिक व्याकरण र शब्दकोश निर्माणको अभाव खड्केको अवस्था छ । भाषाविद्ह( रूबीचको अहमता चुलिएका कारण व्याकरण व्यवस्था सम्बन्धी समस्या बढ्दै गएको छ । तसर्थ नेपाल प्रज्ञा प्रतिष्ठानको शब्दकोशलाई नै आधिकारिक मान्नुपर्छ । त्यस्तै पाठ्यक्रम विकास केन्द्रले नै निश्चित तहका लागि आधिकारिक व्याकरणको प्रयोगलाई जोड दिनुपर्छ ।

**सुझबुझ र दृष्टिकोणमा परिवर्तन**

सर्वप्रथमतः व्याकरण सम्बन्धीका हाउगुजीहरू हटाउनु पर्छ । व्याकरणका नियम र विशेषताहरू कण्ठस्थ नगरी बुझेर अभ्यास गरेर पनि शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ भन्ने सोच र दृष्टिक( ोणमा परिवर्तन गर्नपर्छ । शिक्षकहरूलाई पनि व्याकरणात्मक ज्ञानमा अभिवृद्धि गर्नुपर्छ । विद्यालय तहमा व्याकरणलाई सैद्धान्तिक रुपबाट नभई प्रयोग पक्षलाई ध्यान राखेर शिक्षण गर्न सकियो भने अझ राम्रो हुने देखिन्छ । शिक्षकले व्याकरण तत्त्वको प्रकृति हेरी शिक्षण गर्ने विधि तथा सामग्रीमा विविधता अपनाइयो भने अझ यसको उपयोगीता बढ्छ । भाषा शिक्षकहरूलाई पनि यस्ता पक्षमा स्पष्ट पार्नुपर्छ ।

**संस्कृत तथा अङ्ग्रेजी व्याकरणको नक्कल नगर्नु**

नेपाली व्याकरणहरू नेपाली भाषाकै विशेषता एवम् अध्ययन र विश्लेषण गरी तयार पारिनु पर्दछ । संस्कृत एवम् अङ्ग्रेजी व्याकरणको ढाँचालाई हुबहु नक्कल गरी नेपाली व्याकरणको शिक्षण गरिनु हुँदैन ।

**सैद्धान्तिक पक्षलाईभन्दा व्यावहारिक पक्षलाई जोड**

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले व्याकरणको सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक

पक्षलाई विशेष धयान दिनुपर्छ । व्याकरण शिक्षण भनेपछि डराउने, पछि हट्ने, तर्सिने शिक्षककहरूको बानीलाई हटाउदै लैजानुपर्छ । कुनै प्रयोग व्याकरणात्मक दृष्टिकोणले शुद्ध हो वा अशुद्ध हो भन्ने विषयमा नेपाली भाषाको प्रयोगगत सामान्यीकरण तर्फ शिक्षण लागिपर्नुपर्दछ । कसैको लहै-लहै र उनीहरूको झुकावमा फस्नु हुँदैन । यस्तै शिक्षकहरूमा व्याकरण तत्त्व किन सिकाउने, कसरी र कुन कुन विधि र तरिका अपनाएर व्याकरण शिक्षण गर्ने भन्ने कुरातर्फ सधै सचेत रही नेपाली व्याकरण शिक्षणप्रति स्पष्ट र उदार दृष्टिकोण राखेर व्याकरण शिक्षण गर्नुपर्छ । व्याकरण शिक्षणलाई प्रयोग र अभ्यासमा आधारित बनाउनुपर्छ ।

**व्याकरणप्रति सकारात्मक दृष्टिकोणमा जोड**

नेपाली भाषाको प्रयोग सन्दर्भमा आजका नेपाली शिक्षक तथा यस क्षेत्रमा लाग्ने व्यक्तिहरूका कारणले पनि समस्या सृजना भएको पाइन्छ । व्याकरणको प्रयोगपक्षतर्फ विचार पुऱ्याउनु पर्छ । सैद्धा( न्तक पक्षमा केन्द्रित भई व्याकरण तत्त्वको शिक्षण गर्दा प्रयोग गर्न सकिने विधि तथा त्यसबाट हुने फाइदाका बारेमा सकारात्मक दृष्टिकोण सबैमा हुनुपर्छ । नेपाली भाषाको प्रयोगका क्रममा शुद्ध प्रयोग तर्फ ध्यान दिनुपर्छ । अन्योलपूर्ण स्थिति सिर्जना हुन दिनु हुदैन । नेपालीलाई स्तरीयरूपमा प्रयोग गर्ने तर्फ सबैजना लाग्नुपर्छ ।

**स्तरण र क्रमिकताको व्यवस्था**

कक्षाको स्तरअनुसारको व्याकरण शिक्षणमा अभाव रहेको छ । तल्लो तहदेखि माथिल्लो तहसम्मको जुन किसिमले सरल बाट जटिलतिर हुनुपर्ने हो त्यस्तो क्रमिकता त्यति मिलेको पाइँदैन । प्रायः उही कुराहरू दोहोरिरहन्छन् । स्तरण र क्रमिकताका आधारमा तल्लो तहदेखि माथिल्लो तहसम्म सरलबाट जटिलता अनुसार नेपाली व्याकरण शिक्षण गरिनुपर्छ । नेपाली व्याकरणका पाठ्यपुस्तककहरू स्तरीय र क्रमबद्धताका आधारमा मिलाएर राखी सोही अनुसार नेपाली व्याकरणको शिक्षण गरिनुपर्छ । व्याकरण शिक्षण गर्दा जटिलबाट नगई सरलबाट अनि पूर्व ज्ञानको आधारमा शिक्षण गर्नु पर्छ अनि शिक्षण प्रभावकारी र उद्देश्यमूलक बन्न सक्छ ।

**व्याकरण शिक्षणमा परिष्कारमा जोड**

भाषा पाठ्यक्रमलाई धेरै सुधार गर्दै लगिएको देखिन्छ । विद्यालय तहका भाषा पाठ्यासामग्रीह( रूमा व्याकरणलाई कार्यमूलक ढङ्गले अभ्यास गराउनुपर्छ जसले गर्दा यसको प्रभावकारिता बढ्छ । पर म्परागत व्याकरण शिक्षण विधिनै बढी भन्दा बढी प्रयोगमा ल्याउनुपर्छ भने कार्यमूलक व्याकरणलाई पनि जोड दिनु पर्छ । व्याकरणलाई भाषाबाट पृथकीकृत गरेर शिक्षण नगरी एकीकृत रुपबाट शिक्षण गर्नुपर्छ । व्याकरण शिक्षणमा परिष्कार गर्दा व्याकरणात्मक उपयोगको क्षेत्रमा देखिने समस्या समाधान भई शिक्षण प्रभावकारिता बढ्छ ।

**व्याकणात्मक अभ्यासमा प्रयोगात्मकता तथा कार्यमूलकतामा जोड**

भाषाभित्रै व्याकरण हुन्छ र व्याकरणको शिक्षणले भाषिक परिष्कार ल्याउन सहयोग पुऱ्याउँद्छ । नेपाली पाठ्यसामग्रीहरूमा हरेक पाठ्यांश पछिका अभ्यास खण्डमा व्याकरणको प्रस्तुतिलाई बढीभन्दा बढी अभ्यास गराउनुपर्छ । व्याकरणका नियम र सिद्धान्त, वर्गविन्यासका सम्बन्धी नियमका अनावश्यक

लामा र पट्यारलाग्दा सूची आदिलाई सरल र स्तरयुक्त तरिकाले शिक्षण गर्नुपर्छ । विद्या र पाठका प्रकृति अनुसार अभ्यासको प्रत्यक्ष अनुभव गराउने गरी कार्यमूलक एवम् प्रयोगमूलक ढङ्गले व्याकरणिक विषयबस्तु सिकाउनुपर्छ । यस्तो अवस्थामा व्याकरण शिक्षण सरल, रोचक र जीवन्त हुन सक्छ । अतः व्याकरणात्मक अभ्यासमा प्रयोगात्मकता तथा कार्यमूलकतामा जोड दिनुपर्छ ।

**व्याकरण सम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था**

पाठ्यपुस्तकमा समावेश गरिएका व्याकराणसम्बन्धी पाठ्यवस्तुहरूमा शिक्षकहरूलाई विभिन्न तालिम, गोष्ठी तथा अन्तक्रियाहरू सञ्चालन गर्नुपर्छ । विभिन्न तहमा अध्यापन गर्ने शिक्षकहरूलाई व्याकरण किन सिकाउने, कसरी सिकाउने, के-कस्ता गतिविधिहरू सञ्चालन गर्ने, शैक्षिक सामग्री कसरी निर्माण गर्ने भन्ने पक्षमा प्रशिक्षण दिनुपर्छ । यसले शिक्षकको पेशागत क्षमताको अभिवृद्धि हुन्छ ।

**व्याकरण शिक्षणमा विविध क्रियाकलापको व्यवस्था**

माध्यमिक तहमा नेपाली भाषा शिक्षणको क्रममा व्याकरण शिक्षणका क्रियाकलापहरूलाई सञ्चालन गर्दा भाषिक सीप विकासमा नै बढी जोड दिनुपर्छ । यसको क्रियाकलापहरू गर्दा व्याकरणलाई नियमहरू केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा प्रष्ट पार्ने परम्परालाई विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रबाटै नियमको खोजी गर्ने अत्सुकता जगाइ दिनु उपयुक्त हुन्छ । विद्यार्थीह( रूकै आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्ने क्रियाकलाप गराउनु प्रभावकारी हुने भएकाले व्याकरण शिक्षणका क्रियाकलाप गर्दा व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न व्याकरणलाई पाठसँग एकीकृत गरी शिक्षण गर्नु उपयुक्त हुन्छ । यसको शिक्षण गर्दा श्रुतिलेखन, अनुलेखन हिज्जे प्रतियोगिता लेखन शुद्धीकरण अभ्यास स्वतन्त्र लेखन, जस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

**वर्णविन्यासमा एकरूपता**

भाषामा आफ्नै प्रकारको हिज्जे व्यवस्था रहेको हुन्छ । भाषाको स्तरीकरण र एकरूपताका लागि वर्ण विन्यासमा एकरूपता कायम हुनुपर्छ । भाषामा परिवर्तनसँगै त्यसको व्याकरण परिवर्तन हुनुपर्छ । वर्तमान नेपाली भाषामा देखिएको वर्णविन्यासगत अन्योलतालाई हटाउनुपर्छ । वर्णविन्यासगत अन्योलतालाई हटाउन विविधतापूर्ण प्रयोगलाई एकरूपता दिन प्रज्ञा प्रतिष्ठान, उच्च माध्यमिक शिक्षा परिषद, पाठ्यक्रम विकास केन्द्रजस्ता संस्थाहरूले सरोकारवालाहरूसँगको विचार विमर्श, गोष्ठी तथा कार्यशाला सञ्चालन गरी एकरूपताका दस्तावेजहरूको निर्माण गरी उपयोग गर्नुपर्छ ।

**कार्यमूलक व्याकरणलाई जोड**

कार्यमूलक व्याकरणले मूलतः कार्य व्यवहारलाई महत्व दिएको हुन्छ । यो बढी भन्दा बढी प्रयोग-अभ्यासमा केन्द्रित हुन्छ । प्रशस्त उदाहरणहरूलाई जोड दिनुपर्छ । पुनरावृत्तिमूलक कार्यकलापमा विशेष ध्यान दिनुपर्छ । व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा प्रष्ट गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोग अभ्यासका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनुपर्छ । व्याकरणलाई रचनामुखी बनाउन लिङ्ग, वचन पुरूष, आदर, काल, पक्ष, भाव आदि विभिन्न व्याकरणत्मक कोटि अनुसार छोटा वर्णनहरू गर्न लगाउनुपर्छ । निबन्ध लेखन जस्तो भो, यस लेखनलाई स्रोत तथा सन्दर्भाङ्कन नभई कसरी अनुसन्धानात्मक लेखन बन्छ ? लेखनको प्राज्ञिक

पक्षलाई बढाउनुपर्छ । अनुसन्धानका न्यूनतम आधार पूरा गर्नुहोला ।

## निष्कर्ष

विभिन्न प्रकृतिका र विविध कारणले गर्दा समस्याहरू उत्पन्न भएको देखिन्छ । भाषाको आ( न्तरिक संरचना र स्वरुपका कारणले समस्या सृजना भएको छ । नेपाली व्याकरणको शिक्षणले समस्या सृजना भएको छ । नेपाली व्याकरणको शिक्षणले मानक भाषा प्रयोग क्षमताको विकास गर्न, भाषिक अनुशासन कायम राख्न, भाषिकागत र शैलीगत विचलनहरू हटाउन, व्याकरणिक दृष्टिले शुद्ध वाक्य प्रयोग गर्न सक्ने तुल्याउन असाध्यै सघाउ पुऱ्याएको छ । आधारभूत माध्यमिक, उच्च माध्यमिक जुनसुकै तहमा व्याकरण शिक्षण गर्दा धेरै समस्याहरू भोग्नुपरेको छ । सर्वप्रथम त वर्ण विन्यासहरूमा समस्या देखिएको छ । कतिपय वर्णहरूमा नै समस्या उत्पन्न भएको छ । त्यस्तै अर्को समस्या भनेको व्याकर णिक विषयस्तुको शिक्षणमा अन्तर्सम्बन्धित नबनाई शिक्षण गर्दा बोधमा समस्या पैदा भएको देखिन्छ ।

आजको समयसम्म पनि व्याकरण शिक्षण गर्दा तिनै निकै वर्ष पुरानो हेमराज पण्डितको ' चन्द्रिका' व्याकरणलाई मानक व्याकरण मानेर शिक्षण गर्नुपरेको छ । समसामयिक प्रयोगलाई विचार नपुऱ्याई परम्परागत व्याकरण नियमलाई अबलम्बन गर्नुपरेको छ । यसलाई परिमार्जन गरेर समसामयिक प्रयोगलाई ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । त्यस्तै हाल नेपाली भाषाका व्याकरणहरू आफूखुशी लेखिएका छन् । आफ्नो वैयक्तिक धारणलाई मानक निर्धारण गर्न खोज्ने प्रवृत्तिका कारण झन अन्योलतपूर्ण स्थिति बनेको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू तयार पार्दा उपयोगमा ल्याइने स्रोत व्याकरणको स्पष्टता र असुलभताका कारण त्यसको दूरगामी परिणाम व्याकरण शिक्षणमा परेको छ । नेपाली व्याकरणहरू नेपाली भाषाकै विशेषताका आधारमा अध्ययन विश्लेषण गरी तयार पारिनुपर्ने हो तर संस्कृत वा अङ् ग्रेजी व्याकरणको ढाँचालाई नक्कल गरी नेपाली व्याकरणको शिक्षण गरिएको पाइन्छ । आधारभूत, माध्यमिक र उच्च तहको स्तर अनुसारको व्याकरण शिक्षणमा अभाव देखिएको छ । तल्लो तहदेखि माथिल्लो तहसम्ममा व्याकरणिक पक्षहरूको स्तरण र क्रमिकताको कठिनाइ देखा परेको छ । तसर्थ ने पाली व्याकरणका पाठ्यवस्तुहरू क्रमबद्धरूपमा शिक्षण गर्नुपर्छ । भाषा शिक्षणका क्रममा कक्षागत दृष्टिले व्याकरण शिक्षण गर्नको प्रयोजन र शिक्षण विधिको बारेमा शिक्षकको अनभिज्ञता, तालिमको अभाव समे त रहेको पाइन्छ । वैयक्तिक प्रभावबाट शिक्षण संस्थापिच्छे फरक-फरक व्याकरणका पुस्तकलाई आधार बनाई व्याकरण शिक्षण गर्ने प्रवृत्ति, समसामयिक मानक व्याकरणको अभावले पनि व्याकरण शिक्षणमा विभिन्न समस्याहरू खडा भएका छन् ।

नेपाली व्याकरण शिक्षणका यी विविध समस्या एकैपटक समाधान हुने स्थिति छैन । भाषाको वैज्ञानिक अध्ययन गर्ने प्रक्रियाको विकास गरी सोही अनुसार उपयुक्त ढङ्गले पाठ्यपुस्तक र सामग्री निर्माण गर्ने अनुभव नबढाएसम्म यी र यस्ता समस्याहरू समाधान हुने अवस्था रहेको देखिँदैन । नेपाली व्याकरण शिक्षण गर्ने क्रममा पुरानो मानक व्याकरणलाई आत्मसात नगरी समसामयिक प्रयोगलाई जोड दिनुपर्छ । त्यस्तै सैद्धान्तिक पक्षलाई भन्दा प्रयोग पक्षलाई अबलम्बन गर्नुपर्छ । शिक्षकहरूलाई प्रोत्साहन गरी विभिन्न तालिमहरूको व्यवस्था गर्नुपर्छ ।

## सन्दर्भ सूची

अधिकारी, रामकुमार (२०७३). भाषाविज्ञान र नेपाली भाषा. जुपिटर पब्लिकेसन एण्ड डिस्ट्रिव्युटर्स ।

अधिकारी, हेमाङ्गराज (२०६७). नेपाली भाषाशिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

ओझा र अन्य (२०७४). नेपाली भाषा शिक्षण. करूधरा पब्लिकेसन प्रा. लि. ।

खनिया र अन्य (२०६७). नेपाली भाषाशिक्षण. जुपिटर पब्लिसिङ एण्ड डिस्ट्रिव्युटर्स ।

खनिया, बुद्धराज (२०७५). नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग. जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा. लि. ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३). नेपाली भाषाशिक्षण. एम. के. पब्लिसर्स एन्ड डिस्ट्रि( व्युटर्स ।

थापा, सुशीला (२०५९). कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन. शिक्षाशास्त्र, अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०६७). भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति. विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०७६). नेपाली भाषा शिक्षण. विद्यार्थी प्रकाशन प्रा. लि. ।

सुवेदी, सीता (२०५९), कक्षा-९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन. शिक्षाशास्त्र, अप्रकाशित शोधपत्र नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।